# प्रेस विज्ञप्ति

## सञ्चालक समितिका अध्यक्षको शपथ ग्रहण

यस बैंकको सञ्चालक समितिको मिति २०७९ श्रावण २३ गतेको बैठकबाट सञ्चालक समिति अध्यक्ष पदमा नियुक्त हुनु भएका श्री गंगाप्रसाद ज्ञवालीज्यूले नेपाल राष्ट्र बैंकमा आज आयोजित एक कार्यक्रममा नेपाल राष्ट्र बैंकका गर्भनर श्री महाप्रसाद अधिकारीज्यूबाट अध्यक्ष पदको पद तथा गोपनियताको शपथ ग्रहण गर्नुभयो ।

बैंकका नव नियुक्त अध्यक्षलाई बधाई तथा शुभकामना दिनुहुँदै गर्भनर श्री महाप्रसाद अधिकारीज्यूले नव नियुक्त अध्यक्षको अनुभव तथा ज्ञानबाट बैंकलाई थप प्रतिस्पर्धी र अझ सबल बैंक बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले पछिल्ला वर्षहरुमा नेपाल बैंकको वित्तीय अवस्थामा उल्लेख्य सुधार आएको र आगामी दिनमा समेत बैंकले नेपाल राष्ट्र बैंकको निर्देशनको पालना, संस्थागत सुशासनमा सुधार तथा समग्र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्नमा थप महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास समेत व्यक्त गर्नुभयो । साथै, उहाँले पुराना खराब कर्जाहरुको व्यवस्थापनमा विशेष ध्यान दिन समेत बैंकलाई सुझाव दिनुभयो ।

उक्त कार्यक्रममा आफ्ना भनाई राख्नुहुँदै नव नियुक्त अध्यक्ष श्री गंगाप्रसाद ज्ञवालीज्यूले नेपालको पहिलो बैंकको सञ्चालक समितिको अध्यक्षको जिम्मेवारी निर्वाह गर्ने अवसर प्राप्त भएकोमा प्रसन्नता व्यक्त गर्नुभयो । उहाँले शपथ ग्रहण कार्यक्रमका लागि नेपाल राष्ट्र बैंकलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुहुँदै बैंकको व्यवसायिक विकास तथा संस्थागत सुशासनलाई थप मजबुत बनाउन आफूले सक्दो योगदान गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा नव नियुक्त अध्यक्षलाई बधाई तथा शुभकामना दिनुहुँदै प्रमुख कार्यकारी अधिकृत श्री कृष्णबहादुर अधिकारीले बैंकको पछिल्लो वित्तीय अवस्थाको संक्षिप्त विवरण तथा पुराना खराब कर्जा असुलीका लागि बैंकले गरेका प्रयासहरुको जानकारी समेत गराउनु भएको थियो ।

शपथ ग्रहण कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनरद्वय डा. निलम ढुंगाना तिम्सिना र श्री बमबहादुर मिश्र, कार्यकारी निर्देशक श्री गुणाकर भट्ट, निर्देशक श्री मुक्तिनाथ सापकोटा, नेपाल बैंक लिमिटेड, सञ्चालक समितिका सदस्यहरु डा.सावित्री रञ्जित श्रेष्ठ, श्री विवेक शम्शेर ज.ब.रा. तथा बैंकका कम्पनी सचिव समेतको उपस्थिति रहेको थियो ।

काठमाडौं, २०७९ श्रावण ३० गते, सोमबार ।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, प्रमुख कार्यकारी अधिकृतको कार्यालय

..............................
प्रकाशकुमार अधिकारी
प्रवक्ता